# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक २६ गते ०८ साल

## भाग ५

## सूचना

०८।७।१६।२

शिक्षामन्त्रालयका डेपुटी सेकेटरी पोष्टमा आधार शिक्षण केन्द्रका हेड मास्टर त्रैलोक्यनाथ उप्रेति बी ए. डिप्. बी. एड्. नियुक्त हुनुभएको छ।

शिक्षामन्त्रालय.

## श्रीपरीक्षानियन्त्रक आफिसबाट प्रकाशित

## सूचना

२००८।७।२०

सम्वत् २००८ साल मार्ग महिनामा हुने सम्वत् २००७ सालको स्पेशल प्रवेशिका परीक्षा (सप्लिमेन्टरी) यही मार्ग २७ गते बुधवार (१२ डिसेम्बर १९५१) देखि प्रारम्भ भै शनिवार र अरू बिदा परेका दिनबाहेक सरासर चालु रहनेछ।

मदन पुरस्कार पुस्तकालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पेशल पूरक प्रवेशिका परीक्षामा आवेदनपत्र भर्ने स्कूलका छात्रहरूले आफ्नु आफ्नु स्कूलमा गै शुल्क रु. २५। तिरी आवेदनपत्र भर्ने र ती आवेदनपत्र र शुल्कसमेत श्रीपरीक्षानियन्त्रक आफिस —सरस्वतीसदनमा २००८ साल मार्ग ५ गते मंगलवार ( सन् १९५१ नवेंवर २० ) सम्ममा आइसक्नुपर्दछ। त्यसपछि दिनको जनही रु. ४। का हिसाबले जरीवाना लिई तीनदिनसम्म मात्र फिस स्वीकार हुनेछ।

परीक्षाको कार्यक्रम र स्थानको सूचना पछि प्रकाश हुनेछ। यो स्पेशल पूरक प्रवेशिका परीक्षामा हाजिर हुन कस्तो अवस्थाका छात्रले पाउछन् भन्ने इत्यादि कुरा बुझ्नालाई आफ्नो आफ्नो स्कूलको प्राध्यापक कहाँ र श्रीपरीक्षा-नियन्त्रक आफिसमा आई बुझेमा थाहा हुनेछ।

परीक्षानियन्त्रक.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।